# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## आबुखैरेनी गाउँपालिका, तनहुँ

## आर्थिक वर्ष २०७६/७७

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको कार्यालय

**Office of the Auditor General**

**(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)**

Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल


महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

पत्र संख्याः २०७८/७९
च.नं.: २०८

मितिः २०७८।०५।०४

श्री अध्यक्षज्यू,
आबुखैरेनी गाउँपालिका,
तनहुँ।

**विषयः- <u>लेखापरीक्षण प्रतिवेदन ।</u>**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

**(इन्द्र प्रसाद आचार्य)**
**नायव महालेखापरीक्षक**

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २० (२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ। लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ। त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ। प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ। फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन्। त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन्।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ। साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ। लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो। लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु।

**(टंकमणि शर्मा, दंगाल)**

**२०७८ भाद्र ४ गते** **महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय

**Office of the Auditor General**

(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)

Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल


पत्र संख्याः २०७८/७९ च.नं.: १२४ मितिः२०७८।०५।०४

श्री अध्यक्षज्यू,
आबुखैरेनी गाउँपालिका,
गाउँकार्यपालिकाको कार्यालय,
तनहुँ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय**

हामीले आबुखैरेनी गाउँपालिकाको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय व्यय विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय- व्यय विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको रायव्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन।

२. लेखापरीक्षणबाट रु २ करोड ४७ लाख ३६ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. ३९ लाख १३ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु १ करोड ८० लाख ९३ हजार र नियमित गर्नुपर्ने रु. २७ लाख ३० हजार रहेको छ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरूका सम्बन्धमा मिति २०७७।१०।२२ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरू हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना २७ यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानून बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यकारिणी, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रुपमा गलत आँकडारहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(इन्द्र प्रसाद आचार्य)
नायव महालेखापरीक्षक

**परिचय** – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस आबुखैरेनी गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस नगरपालिको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ६ वडा, ३५ सभा सदस्य, १२८ वर्ग किलोमिटर क्षेत्रफल तथा २०७६८ जनसंख्या रहेको छ ।

## आर्थिक कारोवारको स्थिति

### आय व्ययको ए ककृत वबरण २०७६।७७

| स नं | आयतर्फ | | | स नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | ववरण | रकम | जम्मा रकम | | ववरण | रकम | जम्मा रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | ४०६०८८९४.०९ | १ | **चालु खर्च** | २०३५४९२८१.४७ | २०३५४९२८१.४७ |
| | क) नगद | | | २ | **पूँजीगत खर्च** | १३४३२५२२८.०४ | १३४३२५२२८.०४ |
| | ख) बैंक | ४०६०८८९४.०९ | | ३ | वषयगत तर्फः | | ५८८५८४२४.०० |
| २ | **राजस्व (आन्तरिक आय)** | | १२३६११५३०.०२ | | क)सामाजिक सुरक्षा | ४४७३४२००.०० | |
| | क) आन्तरिक राजस्व | २७७२९८४३.६२ | | | ख)स्थानीय पुर्वाधार साझेदारी | ९५०००००.०० | |
| | ख) राजस्व बाँडफाँड | ८८३३७२४६.०० | | | ग)मुख्यमन्त्री तथा मन्त्रिपरीषद | ५००००००.०० | |
| | ग) राजस्व बाँडफाँट प्रदेश | ६८८०३२०.४० | | | घ) शक्षा वकास निर्देशनालय | १३६१०३२.०० | |
| | | | | | ङ) सामाजिक विकास मन्त्रालय | १९८५९६४.०० | |
| | घ) अन्य आय जनसहभागीता | ६६४१२०.०० | | | च) राष्ट्रिय पंन्जीकरण वभाग | ७७७२२८.०० | |
| ३ | **वित्तीय हस्तान्तरण** | | २५३५१८०००.०० | ४ | **सामाजिक विकास मन्त्रालय** | | ० |
| | क)वित्तीय समानीकरण अनुदान | ८९००००००.०० | | | क) ऋण भुक्तानी | | |
| | ख) सशर्त अनुदान | १६४५१८०००.०० | | | ख) ब्याज भुक्तानी | | |
| | ग) समपूरक अनुदान | ०.०० | | | ग) अन्य भुक्तानी | | |
| | घ) विशेष अनुदान | ०.०० | | ५ | **लगानी** | | ० |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | २४८५९०००.०० | ६ | ऋण लगानी | | |
| | क)वित्तीय समानीकरण अनुदान | १९८५९०००.०० | | | शेयर लगानी | | |
| | ख) सशर्त अनुदान | ५००००००.०० | | | अन्य लगानी | | |
| | ग) समपूरक अनुदान | | | | **धरौटी फिर्ता** | ४३५७७७४.५८ | ४३५७७७४.५८ |
| | घ) विशेष अनुदान | | | | **कोष खर्च (प्रकोप व्यवस्थापन तथा अन्य कोष)** | | ० |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | ० | | **मौज्दात** | | ८२२५५६५५.९५ |
| ६ | **वित्तीय व्यवस्था प्राप्ति** | | ० | | क) नगद मौज्दात | | |
| | क) ऋण प्राप्ति | | | ७ | ख) बैंक मौज्दात (संचित कोष खाता) | ७९०३८००६.३५ | |
| | ख) साँवा प्राप्ति | | | | ग) बैंक मौज्दात (राजश्व बाँडफाँड खाता) | | |
| | ग) ब्याज प्राप्ति | | | | घ) बैंक मौज्दात (धरौटी कोष खाता) | ३२१७६४९.६० | |
| | घ) अन्य प्राप्ति | | | | ङ) बैंक मौज्दात (प्रकोप व्यवस्थापन कोष) | ० | |
| ७ | **विभिन्न कोषतर्फको आय** | | १२४१९१५६.५० | | च) अन्य भए | ० | |
| | विभाज्य कोष खाता | १२४१९१५६.५० | | ८ | **विभिन्न कोषतर्फको खर्च** | | १२४१९१५६.५० |
| | प्रकोप व्यवस्थापन तथा अन्य कोष | | | | क दहत्तर वहत्तर प्रदेश फर्ता | ४३४५६६४.८० | |
| ८ | वषयगत तर्फः | | ५८८५८४२४.०० | | ख दहत्तर वहत्तर मु अ कर र अ ग्रम | १५५४९९४.५० | |
| | क)सामाजिक सुरक्षा | ४४७३४२००.०० | | | ग _गाउँपा लका सं चत कोष जम्मा | ६५१८४९७.२० | |
| | ख)राष्ट्रिय पंन्जीकरण वभाग | ७७७२२८.०० | | ९ | **अन्य विविध खर्च** | | ११२८००००.०० |
| | ग)स्थानीय पुर्वाधार साझेदारी | ९५०००००.०० | | | **फलफुल तथा तरकारी मुल्य श्रृङ्खला** | १५४७४७६.०० | |
| | घ)मुख्यमन्त्री तथा मन्त्रिपरीषद | ५००००००.०० | | | व वध खर्च खाता बैक मोज्दात | ९७३२५२४.०० | |
| | ङ) शक्षा वकास निर्देशनालय | १३६१०३२.०० | | १० | अनुदान फर्ता नेपाल सरकार | | २५६८४९०८.२५ |
| | च)सामाजिक वकास मन्त्रालय | १९८५९६४.०० | | | अनुदान फर्ता नेपाल सरकार | २०६८४९०८.२५ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९ | **जनसहभागिता (नगद भए)** | | ७५७५२२४.१८ | | अनुदान फर्ता प्रदेश सरकार | ५००००००.०० | |
| १० | **धरौटी आय** | ७५७५२२४.१८ | | ११ | क कोष कोष खर्च | ४१८३९८१.७५ | ४१८३९८१.७५ |
| ११ | **लगानीको साँवा फिर्ता** | | ० | | ख कोष कोष बैंक मौज्दात | १८४०७८९.२५ | १८४०७८९.२५ |
| १२ | **अन्य विविध आय** | | १७३०४७७९.०० | | | | |
| | क)उद्योग ग्राम | ९२०००००.०० | | | | | |
| | ख)सडक बोर्ड नेपाल | ३०००००.०० | | | | | |
| | ग)फलफुल तथा तरकारी मुल्य श्रृङ्खला | १८०००००.०० | | | | | |
| १३ | कोरोना कोष आम्दानी | ६०२४७७९.०० | ६०२४७७९.०० | | | | |
| | जम्मा | ५३८७५४९९९.७९ | ५३८७५४९९९.७९ | | जम्मा | ५३८७५४९९९.७९ | ५३८७५४९९९.७९ |

कार्यालयको नामः आँबुखैरेनी गाउँपालिकाको कार्यालय, तनहुँ । आ.व. २०७६।७७

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १ | **वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन् :<br>• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम, संचित कोषवाट भएको खर्च तथा खर्च नभइ बाँकी रहेको रकम स्पष्ट देखिने गरी खाता राखेको छैन भने स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (NPSAS अनुरूप) म.ले.प.फा. नं. २७२ ले समेत आय व्ययको यथार्थ चित्रण गर्न सकेको छैन ।<br>• यस पालिकाले खाता अनुसारको बैंक समायोजन हिसाब खाता राखेको छैन । जसबाट स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दातमा फरक देखिएको छ ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।<br>• स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को प्रयोग गरेतापनि यस वाट प्राप्त वित्तिय प्रतिवेदनमा देहायको विवरण फरक परेकोले यसको वित्तीय प्रतिवेदनले आयव्ययको यथार्थता चित्रण गर्दैन। | |

| विवरण | श्रेष्ता अनुसार | मलेपफा नं २७२ अनुसार | फरक रकम |
|---|---|---|---|
| समानीकरण संघ | ८९००००००. | ९४०००००० | ७९६००००० |
| विभिन्न कोष खर्च | ४१८३९८२ | १५४७४७६ | २६३६५०६ |
| मौज्दात | ८२२५५६५५.९५ | ११९६६५८९३ | -३७४१०२३७ |
| राजस्व बाँडफाँट समेतको कुल आय | १२३६११५३०.०२ | १२६९३९३७३ | -३३२७८४३ |
| धरौटी आय | ७५७५२२४.१८ | ० | ७५७५२२४ |
| कोष तर्फको आय | ६०२४७७१. | १०९८०००० | -४९५५२२९ |
| धरौटी फिर्ता | ४३५७५७४.५८ | ० | ४३५७५७५ |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | • स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को प्रयोग गरेतापनि यस वाट प्राप्त वित्तिय प्रतिवेदन (म.ले.प.फा. नं. २७२) मा वैंक मौज्दात ११ करोड ९६ लाख ६५ हजार देखिएको तर वास्तविक वैंक मौज्दात ८ करोड २२ लाख ५५हजार भएको भनि प्रमाणीत विवरण पेश भएकोले यसवाट प्राप्त विवरणले यथार्थ वित्तिय प्रतिवेदन दिने अवस्था छैन।<br>• आन्तरिक राजस्व तर्फ वित्तिय प्रतिवेदन बाट प्राप्त विवरणमा १२ करोड ९६ लाख ६५ हजार देखिएको छ। तर वास्तविक राजस्व आय १२ करोड ३६ लाख ११ हजार रहेको विवरण पेश भएको छ। पालिकाले लेखापरीक्षणको क्रममा तयार पारेको एकिकृत आय व्ययको विवरणले देखाएको राजस्व र वित्तय प्रतिवेदन मा ३३ लाख २७ हजार फरक परेको देखिन्छ। कार्यालयले हिसाब मिलान गर्नको लागि मात्र नभई वास्तविक आन्तरिक आय एकिन गरी सो को यथार्थ विवरण तयार गरी पेश गर्नुपर्दछ।<br>• कोषहरु तर्फ रु ४१ लाख ८३ हजार खर्च भएकोमा वित्तीय प्रतिवेदनमा १५ लाख ४७ हजार खर्च भएको देखाएको छ ।<br>• सर्सत अनुदान संघ तर्फ वित्तिय प्रतिवेदन मा ९ करोड ४० लाख रहेकोमा वास्तविक ८ करोड ९० लाख रहेको देखिएको छ।<br><br>त्यसैले तोके बमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| २ | **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• कार्यालयको श्रेष्ता र वैंक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैंक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।<br>• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन । स्थानीय राजस्व व्यवस्थापन प्रणाली प्रयोगमा आएतापनि पुर्णरुपमा कार्यान्वयनमा आउन सकेको छैन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय, क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन । | |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | • स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br>• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईयो।<br>• गाउँपालिका मातहतका विभिन्न शाखा तथा वडा कार्यालयहरुवाट सामाग्री खरिद गरी सो वापत विल रकम भुक्तानी गरिएकोमा उक्त शाखा तथा वडा कार्यलयमा दाखिला गरिएको जिन्सी सामाग्रीको अभिलेख कार्यालयको मूल खातामा प्रविष्टी नहुँदा लगत अद्यावधिक नभएको<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिएको तथा इ टीडिएस नगरेको पाइयो।<br>• कुनै रकमको भुक्तानी दिंदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा ढिला गरी तोकेको देखियो।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>• कार्यालयले सवारी साधन भएको अवस्थामा समेत गाडी भाडामा लिइ भौ नं ७०, २५ आदिमा रु १०००००। भुक्तानी गरेकोमा सो को प्रयोजन नखुलाएको साथै आवस्यकता एकिन नगरेको<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू— जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा यस स्थानीय तहले जग्गाको उपयोग सम्बन्धी मापदण्ड बनाई लागू गरेको देखिएन ।<br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न समिति गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । | |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | • पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितको लागत अनुमान तयार गरेको देखिएन ।<br>• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको पाईएन ।<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि प्राविधिकतर्फ र प्रशासनिकतर्फ गरि ३६ जना कर्मचारीको दरबन्दी स्वीकृत भएकोमा २९ पदपूर्ती भएको पाईयो ।<br>• सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• वजेट तथा वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेकोले पालिकाको वजेट, शशर्त तथा विषयगत अनुदानको कार्यक्रम कार्यान्वयनमा आए नआएको र कार्यक्रम अनुसारको प्रगति भए नभएको संवन्धमा एकिन गर्न सकिएन ।<br>• निजामती सेवा ऐन, २०४९ दफा ५ (क) वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• वडावाट विभिन्न वैठकहरु वसी भत्ता भुक्तानी गरेकोमा वडागत वैठकको निर्णय अध्ययन गर्दा अधिकांशमा वैठकको स्पष्ट कार्यविधि नभएको तथा केहीमा महत्वपुर्ण निर्णय नभएको तर वैठक भत्ता भुक्तानी गरेको,<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म १ ऐन, ५ नियमावली र १८ कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५७ अनुसार स्थानीय तहले घर तथा जग्गा वहाल कर मात्र संकलन गर्नुपर्नेमा कार्यलयले गाडी भाडामा संकलन भएको भाडाकर, ढुवानीमा असुल भएको वहालकर आदिलाइ समेत आन्तरीक आम्दानीमा राखेकोमा उक्त कर संघीय सरकारको संचितकोषमा दाखिला गर्नुपर्नेमा गरेको छैन।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा पालिकाले विगत वर्षदेखि भएको कार्यको लगत नराखेको कारण एकै योजनालाइ एक भन्दा वढी वर्षमा विनियोजन हुन सक्ने देखिएको,<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ अनुसार कामलाइ व्यवस्थित गर्न लेखा समिति, सुशासन समिति लगायतका समिति तथा विशेष समिति गठन गर्न सक्ने उल्लेख भएकोमा गठन नभएको कारण संस्थागत सुशासनको स्थितिको वारेमा मुल्यांकन गर्न सक्ने स्थिति नभएको,<br>• सूचना अधिकारीको काम, कर्तव्य र जिम्मेवारी सम्वन्धी निर्देशिका, २०७३ को दफा २५ मा सूचनाको माग, सो अनुरुप सूचना प्रबाहको अवस्था वा सूचना दिन इन्कार गरेको अभिलेख राख्नुपर्ने जसमा सूचना माग गर्नेको विवरण तथा सूचनाको संक्षिप्त बिबरण आदिको विवरण राख्नुपर्ने उल्लेख भएकोमा सूचना माग र प्रबाहको अभिलेख व्यबस्थापन नगरेको, | |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
| --- | --- | --- |
| | • सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद २ दफा ७.१ मा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले आगामी आर्थीक वर्षमा पनि भत्ता लिन चाहेमा दफा ६ को उपदफा १ मा उल्लेखित समयावधिभित्र वडा कार्यालयमा दरखास्त दिनुपर्ने व्यवस्था भएकोमा सो को पालना नभएको,<br>• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ३ को दफा १२.५ मा एक आर्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा बैंक मार्फत वितरण भएकामा लगातार एक वर्षसम्म खाता निष्क्रिय भएमा लगत कट्टा गर्ने व्यवस्था रहेकोमा कार्यालयले लगत कट्टाको विवरण नराखेको साथै बैंक बाट निष्क्रिय खाताको विवरण माग गरी लगतको अद्यावधिक नगरेको, जसवाट निष्क्रिय भएका लाभग्राहिलाई समेत भत्ता जाने जोखिम देखिएको,<br>• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ८ दफा २८ मा सामाजिक सुरक्षा कार्यक्रमको नियमित अनुगमन,मुल्याङ्कन तथा सुपरीवेक्षण गर्न स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गर्नुपर्ने व्यवस्था भएकोमा उक्त समिति गठन नगरेको,<br>• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ (क) मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानीय सभामा पेश गर्नुपर्छ भन्ने व्यवस्था रहेकोमा कार्यालयले लाभग्राहीहरुको विवरण सभामा पेश नगरेको,<br>• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ घ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसि स्थानीय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले उक्त कार्यविधिको पालना नगरेको,<br>• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ दफा ३४ मा पालिकाले नयाँ नाम दर्ता, चौमासिक भत्ता वितरण सम्बन्धि विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था भएता पनि कार्यालयले उक्त विवरणहरु सार्वजनिक गरेको देखिने गरी प्रमाण नराखेको,<br>• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ दफा ३५ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्वोधन गर्नुपर्ने उल्लेख भएकोमा सो को पालना नभएको,<br>• आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नु पर्ने व्यवस्था रहेकोमा स्थानीय तह अन्तरगतका वडाहरुले कतिपयले पन्ध्र दिन, मासिक रुपमा र कतिपयले २, ३ महिना पछि मात्र दाखिला गर्ने गरेको,<br>• विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको नदेखिएको,<br>• वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण, १०० मि सम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु ५ लाख सम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा गराएको अभिलेख नराखेको, | |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | • स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सो को अभिलेख नराखेको,<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ३ | **अबण्डा बजेटः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष भैपरी आउने (पुँजिगत) कार्यक्रममा एकमुष्ट रुपमा रु १ करोड ७१ लाख ८७ हजार वजेट अबण्डाको रुपमा राखेको छ । भैपरी आउने खर्च अन्तर्गत कुन कुन कार्यक्रम गर्ने हो सो योजनामा नै रकम छुट्याउनुपर्नेमा एकमुष्ट रुपमा वजेट अवण्डाको रुपमा राखेको देखियो ।बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ । | |
| ४ | **सेवा प्रवाहः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा गाँउपालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकारको व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष जन्म दर्ता तथा मृत्यु दर्ता ४०५ वटा, नाता प्रमाणित १४४ वटा, घरवाटो शिफारिश ५८० वटा, नागरीकता शिफारिश ३२० वटा दर्ता तथा सिफारीस गरी सेवा प्रवाह गरेको देखियो । पालिकाले सम्वन्ध विच्छेद, बसाई सराई, पञ्जीकरण दर्ता तथा सिफारिश सम्बन्धमा अभिलेख राखेको छैन । पालिकाले ऐन बमोजिम सोको अभिलेख व्यवस्थित गर्नु पर्दछ । | |
| ५ | **नक्सा पासः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ मा स्थानीय तहले नक्सापास गर्नुपर्ने उल्लेख छ र नक्सापास नगराइ भवन निर्माण गर्न नहुने उल्लेख छ । यस पालिकावाट आ.व. २०७६।७७ मा ५५ ले नक्सापासको लागि निवेदन दिएकोमा ५५ लाई अस्थायी अनुमति दिएको छ भने गत वर्ष अनुमति लिएका १६ सहित कुल २६ को कार्यसम्पन्न भएको अवस्था छ । पालिकाले आफ्नो क्षेत्रिभित्रको घरहरुको अभिलेख नराखेको तथा हालसम्म भएका नक्सापासको समेत अभिलेख नराखेको हुँदा नक्सा पास नभएका घरको संख्या एकिन हुन सकेको छैन । सो को अभिलेख तथ्यांकको व्यवस्थापन गर्नुपर्दछ । | |
| ६ | **अनुगमन तथा भ्रमण खर्चः** भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवस्यकता अनुसार आन्तरीक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ । नियम १९ मा जिल्लाभित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ । कार्यालयले यस वर्ष विषयगत शिर्षक तथा कन्टिन्जेन्सी वाहेक चालू खर्च शिर्षकवाट रु. १९ लाख ९३ हजार खर्च लेखेको छ तर भ्रमणको उद्धेश्य, अनुगमन तथा भ्रमण प्रतिवेदन, भ्रमण अभिलेख, दुरीको विवरण, सवारी साधनको टिकट आदि राखेको छैन । जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन । यसमा सुधार गर्नुपर्ने देखिन्छ । | |
| ७ | **चौमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम | |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । | |

| क्र.सं. | बजेट उपशीर्षक | बजेट र खर्च | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक |
|---|---|---|---|---|---|
| | | खर्च | खर्च | खर्च | खर्च |
| १ | आबुखैरेनी गा पा पुजिगत खर्च | ११९६८९७७४।०४ | ९८९२४२० | ४२१३५३१३। | ६७७४२०४०।३३ |
| २ | चालु खर्च | ८६१३३८३७।७२ | ७४७६१४४ | ३०५७०७००।२६ | ३००८६९९३।४६ |
| ३ | शसर्त चालु | १२४५९०८४५०।७५ | ० | ३५५९२८४२ | ८८९९८००३।७५ |
| ४ | शसर्त पुजिगत | ० | ० | ० | ० |

८

**क्षेत्रगत बजेट र खर्च-** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| सि.नं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | १,८१,५८,००० | १,२९,७७,१०१ | ३.८४ |
| २ | सामाजिक विकास | १८,१०,९८,४३६ | १४,३८,३६,३०८.१६ | ४२.५७ |
| ३ | पूर्वाधार विकास | २२,८१,०९,०४६ | १०,३३,४८,२४९.२१ | ३०.५८ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ७८,१५,११४ | ६१,४४,१८१ | १.८१ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १०,७०,८९,९६० | ७,१५,६८,६७०.१४ | २१.२० |
| | कुल जम्मा | ५४,२२,७०,५५६ | ३३,७८,७४,५०९.५१ | १०० |

उक्त खर्च मध्ये ४३ प्रतिशत रकम सामाजिक विकास, कार्यालय संचालन तथा प्रशासनिक तर्फ २१ प्रतिशत तथा पुर्वाधार विकासमा ३० प्रतिशत खर्च भएको देखिन्छ । पुर्वाधार विकास तर्फको खर्चमा वृद्दि गर्नुपर्ने देखिन्छ ।

९

**योजना र कार्यान्वयन —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ। साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालिन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्ः

| क्र सं | ववरण | योजना संख्या |
|---|---|---|
| १ | रु १ लाख भन्दा कमका योजना | १५ |
| २ | रु एक लाख एक देखि पाँच लाख सम्मका योजना | १३१ |
| ३ | रु ५ लाख एक देखि १० लाख सम्मका योजना | २३८ |
| ४ | दश लाख एक देखि ५० लाख सम्मका योजना | ३४ |
| ५ | ५० लाख भन्दा माथिका योजनाहरु | ३ |

<table>
<tr><th>दफा</th><th>भौचर नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>१०</td><td>न्यायीक समिति - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यो बर्ष १७ विवाद दर्ता भएकोमा १४ वटा फछ्र्यौट भई ३ वटा बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>११</td><td>एउटै नागरिकता नम्बरवाट राखि भुक्तानीः सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि,२०७५ को दफा १९ मा विभागले स्थानीय तहका सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्न, स्थानीय तह,विभाग र बैंक\वित्तिय संस्था बीच प्रणालिगत सम्बन्ध स्थापना गरी सामाजिक सुरक्षा भत्ता वितरणलाई प्रभावकारी र पार्दर्शी बनाउन केन्द्रिकृत व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा ल्याएको छ। उक्त प्रणालीमा लाभग्राहीको विवरण प्रविष्टि गरी अद्यावधिक गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुन्छ।पालिकाले तपशिलको व्यक्तिहरूलाई दोहोरो नागरिकता नम्वर उल्लेख गरी सामाजिक सुरक्षा भत्ता भुक्तानी गरिएको छ। नागरिकता नम्बर दोहोरो उल्लेख गरी भत्ता वितरण गरिएकोले वास्तविक लाभग्राही पहिचान हुन सकेन।केहि उदाहरण देहायअनुसार रहेका छन्
<table>
<tr><th>सि.न.</th><th>भुक्तानी पाउने</th><th>वडा नं।</th><th>भत्ताको प्रकार</th><th>ना.प्र.नं.</th><th>प्रति चौमासिक</th><th>जम्मा रकम</th></tr>
<tr><td>१</td><td>डल्ली जोशी</td><td>३</td><td>जेष्ठ नागरिक</td><td>१४२७</td><td>१२०००</td><td>३६०००</td></tr>
<tr><td>२</td><td>सुक बहादुर परियार</td><td>३</td><td>अपाङ्गता</td><td>१४२७</td><td></td><td></td></tr>
<tr><td>३</td><td>टिका माया आले</td><td>१</td><td>जेष्ठ नागरिक</td><td>१०२</td><td>१२०००</td><td>३६०००</td></tr>
<tr><td>४</td><td>मान बहादुर क्षेत्री</td><td>१</td><td>जेष्ठ नागरिक</td><td>१०२</td><td>१२०००</td><td>३६०००</td></tr>
</table></td><td></td></tr>
<tr><td>१२</td><td>अनुदान फिर्ताः विनियोजन ऐन, २०७६ को दफा ४ (१२) तथा (१३) मा सशर्त, समपुरक तथा विशेष अनुदानको रकम असार मसान्तसम्म खर्च नभइ वचत भएमा त्यस्तो रकम सम्वन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमार्फत संघीय सन्चित कोषमा फिर्ता गर्नुपर्ने र फिर्ता नभएमा वित्तिय समानीकरण अनुदानवाट उक्त रकम कट्टा गर्नुपर्ने उल्लेख छ ।औधोगिक ग्राम स्थापना गर्न नेपाल सरकार उद्योग मन्त्रालयवाट रु ९२ लाख अनुदान प्राप्त भएको तर कुनै पनि कार्य नगरी रकम खर्च नभएको कारण उक्त रकम फिर्ता गर्नुपर्नेमा गरेको छैन । उक्त रकम वित्तीय समानीकरणको अनुदान नभएकोले अन्य रकम फिर्ता गर्नुपर्नेमा नगरेकोले उक्त रकम फिर्ता गरेको प्रमाण पेश गर्नुपर्ने रु</td><td>९२०००००</td></tr>
<tr><td>१३</td><td>कर्मचारी प्रोत्साहन भत्ता - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले कानून नबनाई यो बर्ष निम्नानुसार प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ।
<ul>
<li>कर्मचारी प्रोत्साहन तथा पुरस्कार अन्तर्गत मासिक रु ३०००। तथा ५०००। को दरले स्थायी कर्मचारीलाइ वार्षिक रु ६२००००। तथा करार सेवामा कार्यरत कर्मचारीलाइ रु १२५००००। गरी कुल रु १८ लाख ७० हजार औषतमा खाजा भत्ता वापत रकम भुक्तानी गरेको।</li>
<li>स्वास्थ्य क्षेत्रमा कार्यरतलाइ औषतमा मासिक रु ३०००। तथा ५०००। को दरले वार्षिक रु ८०००००। खाजा भत्ता भुक्तानी गरेको।</li>
</ul></td><td></td></tr>
</table>

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १४ | **कोरोनाको जोखिम भत्ताः** कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश, २०७७ को दफा ७ मा संक्रमणको शंका लागि आइसोलेसनमा राखिएका वा संक्रमण पुष्टि भई उपचारमा रहेका बिरामीहरुको उपचारमा प्रत्यक्ष संलग्न जनशक्ति तथा संक्रमणको शंकास्पद तथा पुष्टि भएका बिरामीको नमूना संकलन गर्ने जनशक्तिलाई नेपाल सरकारले तोकेको शुरु तलब स्केलको शत प्रतिशत दिने उल्लेख छ भने कोरोना रोकथाम तथा उपचारको कार्यमा सहयोग पुर्‍याउने अन्य जनशक्तिलाई नेपाल सरकारले तोकेको शुरु तलब स्केलको पचास प्रतिशत रकम दफा ९ वमोजिम २०७६ चैत्र ९ गते देखि उपलव्ध गराउने उल्लेख छ ।कार्यालयले प्रशासनिक १३ कर्मचारीलाइ भौ नं ६११ समेतवाट रु ३५९६८०। भत्ता भुक्तानी गरेको छ भने जनप्रतिनिधि ८ लाइ रु ३५०००। को दरले २८००००। भुक्तानी गरेको छ । जनप्रतिनिधिको तलव स्केल नहुने अवस्थामा आफुखुसी निर्णय गरी भत्ता दिनु उचित नदेखिएको रु | ६३९६८० |
| १५ | **पदाधिकारीलाइ खाजा भत्ताः** गण्डकी प्रदेशले तयार गरेको गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्वन्धी ऐन, २०७६ मा खाजा भत्ता दिने व्यवस्था छैन भने खारेज भएको पदाधिकारीको सुविधा सम्वन्धी ऐनले समेत खाजा भत्ता दिने व्यवस्था नगरेको अवस्थामा यस पालिकाले खाजा भत्ता भनि श्रावण देखि मंसीर सम्म अध्यक्ष देखि वडाध्यक्षसम्मलाइ मासीक रु ३०००को दरले १२००००। तथा पुषदेखि असारसम्म कार्यपालिका सदस्य सवैलाइ मासिक ५०००। को दरले रु ४९००००। भुक्तानी दिएको देखियो । ऐनको सुविधा विपरीत हुने गरी दिएको खाजा भत्ता दिएको कारण पालिकालाई अतिरिक्त व्ययभार थपिएको रु | ६१०००० |
| १६ | **सेवा करारः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा २५ जना कर्मचारीहरु करारमा राखी खर्च लेखेको छ भने पशु सेवा, कृषि, स्वास्थ्य तथा अन्यमा समेत थप कर्मचारी करारमा राखेको छ ।त्यसैगरी सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्ट्रिसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले नयाँ कर्मचारी माग गरी पदपुर्ति गरेको छैन उक्त कर्मचारी भित्र करारवाट पुर्ति गर्न नसकिने इन्जिनियर १, सव इन्जिनियर १, कार्यालय सहायक पाँचौ ५, अमिन १ लगायतमा विभिन्न कर्मचारी रहेका छन् ।कानुनमा भएको व्यवस्थाको पालना गरी कर्मचारी पदपुर्ति तथा मिलान गर्नुपर्दछ। | |
| १७ | **पदाधिकारीलाइ पोषाकः** गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्वन्धी ऐन, २०७६ को दफा १६ मा पदाधिकारीलाइ अनुसूचीमा तोकिए भन्दा वढी सुविधा नहुने उल्लेख छ । कार्यालयले भौ नं १३१ तथा १३० वाट रु १४००००।पदाधिकारीको पोषाकको लागि भनि पोषाक खरिद गरी साजन टेलर्सलाइ भुक्तानी गरेको छ भने भौ नं ४८४ बाट श्री कटक बहादुर थापालाई पदाधिकारीलाई पोषाक खरिद गर्नेको लागि रु १६०००० पेश्की यस आ व मा पेश्की फछ्यौट भएकोले पदाधिकारीको पोषाकमा मात्र कुल ३०००००। खर्च भएको छ।यसरि भुक्तानी दिएको रकम असुल गर्नुपर्ने रु | ३००००० |
| १८ | **सामुदायिक वनवाट रकम प्राप्त नगरेकोः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ ख मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्रि तथा उपयोग सम्वन्धी वार्षिक कर्यायोजना वनाई सम्वन्धीत तहवाट स्वीकृत गराउनुपर्ने र सामुदायिक वनले वन पैदावारको विक्रि वापत प्राप्त हुने रकमको | |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | दश प्रतिशत रकम पालिकामा वुझाउनुपर्ने व्यवस्था छ । जिल्ला वन कार्यालयवाट प्राप्त विवरण अनुसार यस पालिका अन्तर्गत देहायका सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्रि गरेकोमा उक्त रकमको १० प्रतिशतले हुने रकम यस पालिकामा वुझाउनुपर्नेमा वुझाएको छैन भने उक्त रकम उठाउन स्थानीय तहले कुनै पहल समेत गरेको देखिएन । उक्त रकम असुल गर्नुपर्ने रु .. | १०१४१९ |

| समुहको नाम | ठेगाना | मु अ कर रकम | कुल विक्रि रकम | १० प्रतिशतले हुने रकम |
|---|---|---|---|---|
| कन्यादेवी | आबुखैरेनी ५ | १३१८४५। | १०१४१९२ | १०१४१९ |

**१९** **सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोभै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोभै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोभै खरिद गर्न नहुने उल्लेख छ । पालिकाले यो वर्ष पूँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नपनाइ निम्नानुसार सोझै खरिद गरेको देखिन्छ । यसमा नियन्त्रण गर्नुपर्दछ।

| भौ नं | विवरण | रकम |
|---|---|---|
| पूँजीगत तर्फः | | |
| १५ | वडा कार्यालयमा सफ्टवयर लागु गर्नको लागि नारायणी कम्प्युटरवाट कम्प्युटर खरिद | ४२७४२२ |
| ३९ | ग्लोवल लिंक टेक्नोलोजीवाट कम्प्युटर खरिद | ४९६४०९ |
| ४३ | भैपरी शिर्षक अन्तर्गत वेष्ट आइटि सोलुसनवाट कम्प्युटर खरिद | ३६११४८ |
| ४४ | भैपरी शिर्षक अन्तर्गत सोलुसन स्टोर नेपाल प्रालिवाट ल्यापटप खरिद | १४१२५० |
| ६१५चालु | सान ट्रेडर्सवाट ल्यापटप खरिद | १४२२६७ |
| जम्मा | | १५६८४९६ |

**२०** **परामर्श सेवाः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२ मा परामर्शताको लागत अनुमान तयार गर्नु पर्ने लागत अनुमान तयार गर्दा सम्बन्धित मन्त्रालयले तयार पारेको नर्म्स गत वर्षको नर्म्स सोहि प्रकृतिको कार्य गर्ने अन्य निकायले तयार पारेको नर्म्स आदि कुरालाई आधार लिई लागत अनुमान तयार गर्नु पर्ने उल्लेख छ।पालिकाले यस वर्ष परामर्श सेवामा देहायअनुसार खर्च गरेको छः

| भौ नं र मिति | भुक्तानी पाउनेको नाम | विवरण | संझौता रकम | यस वर्ष भुक्तानी रकम |
|---|---|---|---|---|
| २१, ३९७ | माइल स्टोन डिजाइन एण्ड कन्सल्ट प्रालि | एकिकृत शहरी विकास योजना निर्माण | १९७२९८० | ११८३७८८ |
| ९२ तथा ३०१ | इन्टेन्सीभ स्टडी एण्ड रिसर्च सेन्टर प्रालि | गाउँ प्रोफाइल तयारी | ११९७८०० | ११९७८०० |
| २८६, १०६ | ग्रिड कन्सल्ट | वहुउद्धेश्यीय भवनको अध्ययन | ९९४४०० | ९९४४०० |
| ३८९ | शाज इन्टरनेशनल प्रालि | राजस्व सम्भाव्यता अध्ययन तथा प्रक्षेपण प्रतिविदन तयारी | ३९८८९० | ३९८८९० |
| ३१० | आइडिया ब्रिड आइटी सोलुसन प्रालि | दर्ता, शिफारिस आदिको सफ्टवयर खरिद | ४९७७६५ | ४९७७६५ |
| ७०३ तथा २९८ | रुरल इन्फ्रास्ट्रक्चर डेभलपर्स कन्सल्टेन्टस प्रालि | औद्योगिक ग्रामको डिपिआर | १९५४५०० | १७८५४०० |
| | जम्मा | | ७०१६३३५ | ६०५८०४३ |

| दफा | भौचर नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | यस सम्वन्धमा देखिएका व्यहोरा देहायअनुसार छन् | |
| २०.१ | **लागत अनुमानको आधार नभएकोः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा परामर्शदाताको लागत अनुमान तयार गर्नुपर्ने, जसमा लागत अनुमान तयार गर्दा मन्त्रालयले तयार पारेको नर्म्स, गत वर्षको नर्म्स, सोही प्रकृतिको कार्य गर्ने अन्य निकाय आदिले तयार पारेको नर्म्स आदि कुरालाई आधार वनाई लागत अनुमान तयार पार्नुपर्ने उल्लेख छ । यस पालिकाले माथि उल्लेख भए अनुसारका कार्य गर्दा कुन कामको लागि कुन कुन विशेषज्ञ कति दिन चाहिने हो उल्लेख नगरी एकमुष्ट रुपमा यति दिन लाग्ने भनि लागत अनुमान तयार गरी सोझै खरिद गरेको छ । वहुउद्धेश्यीय भवनको अध्ययनको लागि रु ९ लाख ९८ हजारको लागत अनुमान तयार गरेकोमा टिम लिडरको म्यानडेज ४५ दिन लाग्ने गरी तयार गरेको छ भने अन्य ठेक्काको हकमा पनि यही अनुसार लागत अनुमान तयार गरेको छ । नियमावलीमा भएको व्यवस्थाको पालना नगरी लागत अनुमान तयार गरी भुक्तानी गरेको कार्य अनियमित देखिएकोमा उक्त व्यहोरालाइ गाउँसभाले नियमित गरी प्रतिक्रियासाथ प्रमाण पेश गरेको छ। नियमावलीमा भएको व्यवस्थाको विपरीत हुने गरी लागत अनुमान तयार गरी परामर्शसेवा खरिद गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ। | |
| २०.२ | **परामर्शदातालाइ ओभरहेड भुक्तानीः** सार्वजनिक खरिद नियमावली, २०६४ को अनुसूची १ (क) मा परामर्शदाताको लागत अनुमान तयार गर्दा ओभरहेड राख्ने व्यवस्था छैन । कार्यालयले देहायका २ कार्यको लागि लागत अनुमान तयार गरेकोमा १५ प्रतिशत कम्पनी ओभरहेड राखी लागत अनुमान तयार गरेको छ १५ प्रतिशत ओभरहेड राखी लागत अनुमान तयार गर्दा देहायअनुसार रु ४१३५८०। वढी भुक्तानी भएको छ । उक्त रकम असुल गर्नुपर्ने रु | ४१३५८० |

| परामर्शदाताको नाम र काम | लागत अनुमान | ओभरहेड वाहेकको लागत अनुमान | संझौता रकम | वढी भुक्तानी |
|---|---|---|---|---|
| एकिकृत शहरी विकास योजना निर्माणको लागि माइल स्टोन डिजाइन एण्ड कन्सल्ट प्रालि | १९९७०४५ | १७३६५६१ | १९७२९८० | २५७३४५ |
| गाउँ प्रोफाइल तयारीको लागि इन्टेन्सीभ स्टडी एण्ड रिसर्च सेन्टर प्रालि | ११९९३१३ | १०४२८८१ | ११९७८०० | १५६२३५ |
| जम्मा | ३१९६३५८ | २७७९४४२ | ३१७०७८० | ४१३५८० |

| दफा | भौचर नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| २०.३ | एकिकृत शहरी विकास योजना निर्माणको लागि माइल स्टोन डिजाइन एण्ड कन्सल्ट प्रालि सँग संझौता भएकोमा प्राप्त प्रतिवेदन अनुसार कुल २५ वर्षको लागि ९ अर्व ७५ करोड ३३ लाख खर्च गर्ने गरी योजना तयार भएको देखिन्छ । उक्त योजना अनुसार पहिलो वर्षमा रु ४८ करोड ७६ लाख ६७ हजार तथा दोश्रो र तेश्रो वर्षको लागि रु १ अर्व ४६ करोड ३० लाखको दरले खर्च गर्ने उल्लेख छ । स्थानीय तहले कुल रु १२ करोडको आसपासमा वजेट खर्च गरिरहेको परिप्रेक्षमा यति धेरै रकम खर्च गर्न सक्ने अवस्था रहदैन । साथै यस डिपिआरले कुन कुन योजना सन्चालन गर्ने हो सो को जानकारी दिदैन । अतः पुरा गर्न नसक्ने कामको लागि वजेट विनियोजन गरी डिपिआरमा रकम खर्च गर्नु उचित देखिएन । | |
| २०.४ | **वातावरणीय परिक्षणः** औद्योगिक ग्राम घोषणा तथा सन्चालन सम्वन्धी कार्यविधि, २०७५ को दफा २२ मा औद्योगिक ग्राम स्थापना तथा विकास गर्दा प्रचलित कानुन वमोजिम प्रारम्भिक वातावरणीय परिक्षण वा वातावरणिय प्रभाव मुल्यांकन सम्पन्न गरेपछि मात्र औद्योगिक ग्राम स्थापना तथा विकासको कार्य गर्नुपर्ने उल्लेख छ। यस कार्यालयले प्रारम्भिक वातावरणीय परिक्षणको लागि रु १६९५००।सहित कुल रु | |

<table>
<tr><th>दफा</th><th>भौचर नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>१९५४९००। मा रुरल इन्फ्रास्ट्रक्चर डेभलपर्स कन्सल्टेन्टस प्रालि सँग संझौता गरेको तर प्रारम्भिक वातावरणीय परिक्षणको काम नगरी बाँकी काम मात्र गरी रु १७८५४००। भुक्तानी गरेको अवस्था छ । औद्योगिक ग्राम स्थापनाको लागि गर्नै पर्ने काम नगरी बाँकी रकम भुक्तानी गरी कार्यसम्पन्न प्रतिवेदन तयार गर्नु उचित देखिएन । यसो गर्दा पुनः लागत अनुमान तयारीमा ढिलाइ भइ काम सम्पन्न नहुने अवस्था रहन्छ । तोकिएको काम नगर्ने परामर्शदाता र प्रारम्भिक वातावरणीय परिक्षणको काम नगरी कार्यसम्पन्न प्रतिवेदन तयार गरी स्वीकृत गर्नेलाइ जिम्मेवार वनाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२१</td><td>मुल्य अभिवृद्धि करमा दर्ता नभएकोसँग खरिदः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ मा रु. २० हजार भन्दा वढीको खरिद गर्दा मुल्य अभिवृद्धि करमा दर्ता भएका सँग मात्र खरिद गर्नुपर्ने उल्लेख छ । कार्यालयले खाजा खाना वापत रकम भुक्तानी भनि पटक पटकको मितिमा विभिन्न भौ नं वाट प्यान विलका आधारमा सम्पदा खाजा घरलाइ रु ७९५१७०। भुक्तानी दिएको छ भने विजि स्टेशनरीलाइ प्यान विलका आधारमा भौ नं ५७ वाट रु १४०५०५। लगायत अन्य फर्मलाइ समेत पटक पटक सीमा भन्दा वढीको भुक्तानी भएको छ। नियममा भएको व्यवस्थाको पालना गर्नुपर्दछ ।</td><td></td></tr>
